लोक सेवा आयोग

निक्षेप तथा कर्जा सुरक्षण कोष, प्रशासन, पाँचौं, प्रधान सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८१।०६।१४

पत्र : द्वितीय

समय : २ घण्टा ३० मिनेट

पूर्णाङ्क : १००

विषय : **सेवा सम्बन्धी**

| प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

**खण्ड "क"** **४० अङ्क**

१. वित्तीय अनुपात (Financial Ratio) भन्नाले के बुझिन्छ? निक्षेप तथा कर्जा सुरक्षण कोषका लागि वित्तीय अनुपातको उपयोगिता संक्षेपमा वर्णन गर्नुहोस् । २+३=५

२. वित्त नीति (Fiscal Policy) को परिचय दिँदै यसका मुख्य उद्देश्यहरू लेख्नुहोस् । २+३=५

३. आन्तरिक नियन्त्रण प्रणाली भनेको के हो? लेखा परीक्षणले आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउन कसरी सहयोग गर्दछ? प्रष्ट पार्नुहोस् । २+३=५

४. दोहोरो लेखा प्रणालीको परिचय दिँदै यसका फाइदाहरू संक्षेपमा वर्णन गर्नुहोस् । २+३=५

५. वासलात भनेको के हो? यसको महत्त्व वर्णन गर्दै वासलातको खाका तयार गर्नुहोस् । २+३+५=१०

६. नेपालको वित्तीय प्रणालीको वर्तमान अवस्था चित्रण गर्दै नेपालमा गैर बैंकिङ्ग वित्तीय क्षेत्रमा के-कस्ता समस्याहरू रहेका छन्? टिपोट तयार गर्नुहोस् । ४+६=१०

**खण्ड "ख"** **६० अङ्क**

७. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ अनुसार प्रचलित कानूनबमोजिम कार्यसम्पादन गर्ने जिम्मेवारी भएको पदाधिकारीले आफ्नो अधिकारको प्रयोग गर्दा वा कर्तव्य पालना गर्दा ध्यान दिनुपर्ने विषयहरू के के हुन्? उल्लेख गर्नुहोस् । ५

८. ग्राहक पहिचान भन्नाले के बुझिन्छ? हालका दिनहरूमा ग्राहक पहिचान कार्यलाई के कारणले उच्च महत्त्व दिइएको हो? संक्षेपमा प्रकाश पार्नुहोस् । २+३=५

९. निक्षेप तथा कर्जा सुरक्षण कोषको खरिद तथा आर्थिक प्रशासन विनियमावली, २०७३ अनुसार कोषले खरिद कार्य गर्दा अपनाउनुपर्ने खरिद विधिहरूको छोटकरीमा जानकारी दिनुहोस् । ५

१०. निक्षेप तथा कर्जा सुरक्षण कोषबाट सञ्चालित कर्जा सुरक्षण योजनाले ऋणीहरू र वित्तीय संस्थाहरूलाई पुऱ्याउने लाभहरूको सूची तयार गर्नुहोस् । ५

११. नेपाल राष्ट्र बैंकको मुख्य उद्देश्यहरू उल्लेख गर्नुहोस् । ५

१२. निक्षेप तथा कर्जाको सुरक्षण गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंक र निक्षेप तथा कर्जा सुरक्षण कोषबीच के-कसरी सहकार्य हुने गरेको छ? चर्चा गर्नुहोस् । ५

१३. निक्षेप सुरक्षणको मुख्य सिद्धान्तहरू छोटकरीमा वर्णन गर्नुहोस् । ५

१४. निक्षेप तथा कर्जा सुरक्षण कोषको संगठनात्मक संरचना लेख्नुहोस् । ५

१५. वित्तीय जोखिम भनेको के हो? यसका प्रकारहरू उल्लेख गर्दै वित्तीय जोखिम व्यवस्थापनको प्रक्रिया स्पष्ट गर्नुहोस् । ३+३+४=१०

१६. निक्षेप तथा कर्जा सुरक्षण कोषको उद्देश्य जानकारी गराउँदै कोषले कस्तो प्रकारका निक्षेपलाई सुरक्षण प्रदान गर्दछ? प्रकाश पार्नुहोस् । ५+५=१०

:: समाप्त ::